# अनन्त, सिद्ध तथा पूर्ण बलिदान



## थप जानकारीको लागि सम्पर्क:

DSMA

पो.ब.नं. ८९७५, ई.पी.सी. ९८७

काठमाण्डौ, नेपाल

ईमेल: dsmaoutreach@gmail.com

वा

# बलिदान भनेको के हो ?

**बलिदान भनेको कुनै व्यक्तिको अपराधको दण्ड अर्को कुनै निर्दोष, निष्खोट, निष्कलङ्क व्यक्ति वा पशुपंक्षीलाई दिनु हो जुन कार्यमा उक्त सट्टामा सजाय भोगिदिने व्यक्ति वा पशुपंक्षीको निर्दोष रगत बग्दछ ताकि वास्तविक अपराधीले सजाय भोग्नु नपरोस् र पूर्ण छुटकारा पाओस् ।**

संसारमा धेरै किसिमका बलिदानहरूको प्रथा देखिन्छ । कतै कुखुराको, बोकाको, भेडाको, राँगाको, सुङ्गुरको त कतै परेवाको पनि बलि चढाइन्छ । अझ कतैकतै त मानिसको पनि बलि चढाइएको समाचार कहिलेकाहीँ पढ्नसुन्न पाइन्छ । आखिर किन बलि चढाइन्छ त ? किनभने मानिसले आफ्नो काम, बोली र विचारमा दोषी महसुस गर्दछ । त्यसपछि त्यो दोष मेटाउने, त्यसको सजायबाट मुक्त हुने वा त्यसलाई कटनी गर्ने प्रयासस्वरूप मानिसले बलिदान चढाउने गर्दछ । यो पुस्तिकामा साँचो बलिदानको सुरुवात्, त्यसको छाया वा नमुना, त्यसको वास्तविक पूर्णता, सृष्टिकर्त्ताले मानवजातिलाई दिनुभएको बोलावट तथा चेताउनी, सृष्टिकर्त्ताप्रति मानवजातिको उचित व्यवहार र सृष्टिकर्त्ताकै बलिदानले मानवजातिलाई दिने अनन्त लाभको विषयमा जानकारी दिइएको छ । कृपया पढ्दै जानुहोस् किनभने तपाईंलाई निशर्त प्रेम गर्ने व्यक्तिको हातबाट तपाईंले यो पुस्तिका पाउनुभएको छ। साँच्चै नै, साँचो प्रेम त्यो हो जसले तपाईंलाई अनन्त सत्यता बताइदिन्छ र कुनै पनि कुरा लुकाउँदैन, तपाईं गलत बाटोमा हुनुहुन्छ भने पनि तपाईंलाई प्रेमसाथ चेताउनी दिँदै त्यसका सम्भावित गम्भीर परिणामहरू बताइदिन्छ । तर मानिसले किन दोषी महसुस गर्दछ त ?

**"अनि तिमीहरूले सत्यता जान्नेछौ र सत्यताले तिमीहरूलाई स्वतन्त्र पार्नेछ ।"** (**यूहन्ना ८:३२**)

## मानिसले किन दोषी महसुस गर्दछ त ?

**"हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी सृष्टिकर्त्तालाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन ।"**

**(१ यूहन्ना १:८)**

दोषको कुरा गर्दा, त्योभन्दा पहिला असलपनको कुरा गरौं । असलपन के हो भन्ने थाहा पाएपछि मात्र दोष के हो भन्ने कुरा जान्न सकिन्छ । अनि हामीले असलपनको स्तर सृष्टिकर्त्ताबाट नै लिनुपर्दछ किनकि सृष्टिकर्त्ता नै सर्वोच्चरूपमा असल हुनुहुन्छ **"जसले दुष्ट र असल दुवैमाथि आफ्नो सूर्य उदय गराउनुहुन्छ, अनि धर्मी र अधर्मी दुवैमाथि झरी बर्साउनुहुन्छ" (मत्ती ५:४५) ।** सृष्टिकर्त्ताको असलपनको स्तर मानवजातिको हृदयको पाटीमा लेखिएको छ जसलाई दश आज्ञा भनिन्छ । उक्त स्तर यसप्रकार छ: (१) **तिमीले लोभ नगर्नू**, (२) **तिमीले झूट नबोल्नू**, (३) **तिमीले चोरी नगर्नू**, (४) **तिमीले व्यभिचार नगर्नू (कामवासनाको दृष्टिले कसैलाई पनि नहेर्नू, जसलाई हृदयको व्यभिचार भनिन्छ)**, (५) **तिमीले हत्या नगर्नू (कसैलाई पनि घृणा नगर्नू वा बिनाकारण कोहीसँग पनि नरिसाउनू, जसलाई हृदयको हत्या भनिन्छ)**, (६) **तिमीले आफ्ना बुबाआमाको सधैंभरि आदर गर्नू**, (७) **तिमीले हप्ताको एक दिन विश्राम लिनू र आफ्ना सृष्टिकर्त्ताको आराधना गर्नू**, (८) **तिमीले सृष्टिकर्त्ताको नाम व्यर्थैमा नलिनू**, (९) **तिमीले सृष्टिका कुराहरूलाई होइन तर सृष्टिकर्त्तालाई पुज्नू**, र (१०) **तिमीले आफ्नै मनखुसीले ईश्वरहरू नबनाउनू, किनभने म ईर्ष्यालु सृष्टिकर्त्ता हुँ । (व्यवस्था ५) ।** हामी सबैले यी नियमहरू भङ्ग गरेका छौं र सृष्टिकर्त्ताले भन्नुभएको छ, **"सबैले पाप गरेका छन् र सृष्टिकर्त्ताको महिमारहित हुनगएका छन्" (रोमी ३:२३)** । अनि यी नियमहरू हाम्रा हृदयका पाटीमा लेखिएका हुनाले ती भङ्ग गर्दा अरूले दोष नलगाए पनि

हामी आफैले दोषी महसुस गर्दछौं । अनि सृष्टिकर्त्ताको नियम भङ्ग गर्नु नै पाप हो । पाप सानोठूलो हुँदैन । अनि एउटा नियम भङ्ग गरे पनि हामी सबै नियमहरू भङ्ग गरेजत्तिकै दोषी हुन्छौं किनभने दोषी हुनको निम्ति दोष आउने धेरैवटा कामहरू गर्नुपर्दैन, एउटामात्र गरे पनि दोषी भइहालिन्छ । भनिन्छः एकपटकको चोर सधैंको चोर ! अनि सियो चोर्ने पनि चोर भित्ता फोर्ने पनि चोर ! माथिका नियमहरूलाई अझ गहिरिएर हेर्ने हो भने, दुष्कर्म गरेर दोषी भइने होइन, तर दोषी भएको कारण दुष्कर्म गर्न पुगिन्छ । जस्तै मानिसले चोर्नुभन्दा पहिला लोभ गर्दछ, व्यभिचार गर्नुभन्दा पहिला कामवासनाको नजरले हेर्दछ, हत्या गर्नुभन्दा पहिला रिसाउँदछ वा घृणा गर्दछ । मानिस भित्रपट्टि पापी हुन्छ र उसको बाहिरी काम पापमय देखिन्छ, अर्थात् पापी भएको कारण मानिसले पाप गर्दछ, जसरी बिरालोले आफू बिरालो भएको कारण म्याऊँ....गर्दछ र कुकुर आफू कुकुर भएको कारण भुक्दछ । त्यही दोष महसुस हुने भएकोले मानिसहरूले विभिन्न कर्महरू गरेर त्यसलाई मेटाउने प्रयास गर्दछन् । तीमध्ये एउटा प्रयासचाहिँ पशुपंक्षीको बलिदान चढाउनु हो ।

## बलिदानको प्रथाको सुरुवात्

**"सृष्टिकर्त्ताले मानिसलाई छालाको लुगा बनाएर लगाइदिनुभयो ।"**
**(उत्पत्ति ३:२१)**

मानिस सिद्ध र अमर हुने गरी सृष्टि गरिएको थियो । ऊ आफ्ना सृष्टिकर्त्तासित नै नियमित सङ्गतिमा रहन्थ्यो । उहाँले मानिसमा स्वतन्त्र इच्छा राखिदिनुभएको थियो जसद्वारा उसले स्वेच्छापूर्वक उहाँको आज्ञापालन वा अवज्ञा गर्न सक्दथ्यो । सृष्टिकर्त्ताले मानिसलाई यन्त्रमानव जस्तो बनाउनुभएन जसले त उहाँले भन्नुभएजस्तै मात्र काम गर्नेथियो र स्वेच्छापूर्वक उहाँलाई पुकार्नेथिएन । तर स्वतन्त्र इच्छा भएको कारण

मानिसले आफूले रोजेरै उहाँलाई पुकार्न सक्दथ्यो जुन कदमले सृष्टिकर्त्तालाई बढी महिमा दिन्थ्यो, किनकि सृष्टिकर्त्ताले आफ्नै महिमाको निम्ति मानिसलाई सृष्टि गर्नुभएको थियो । यसैको जाँच गर्न सृष्टिकर्त्ताले मानिसलाई एउटा आज्ञा दिनुभयो । उहाँले अदनको बगैंचामा सबै किसिमका फलहरूका बोट उमार्नुभयो र तीमध्ये दुईवटा रूखहरू उक्त बगैंचाको बीचमा राख्नुभयो । एउटा थियो: जीवनको रूख, अनि अर्को थियो: असल र खराबको ज्ञान दिने रूख । अनि उहाँले यो आज्ञा दिनुभयो, "**तिमीले बगैंचाको हरेक रूखको फल स्वतन्त्रतापूर्वक खान सक्छौ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू । किनकि जुन दिन तिमीले त्यो फल खानेछौ, त्यही दिन तिमी निश्चय मर्नेछौ ।**" तर सृष्टिकर्त्ताको शत्रु दुष्ट शैतान थियो जसले मानिसलाई बहकायो । त्यसले भन्यो, "**के सृष्टिकर्त्ताले तिमीलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी साँच्चै भन्नुभएको हो ?**" मानिसले भन्यो, "**हामीले बगैंचाको सबै रूखका फल खान सक्छौं, तर बगैंचाको बीचमा रहेको एउटा रूखको फलचाहिँ नछुनू र नखानू, किनकि त्यो खायौ भने तिमीहरू निश्चय मर्नेछौ भनी उहाँले भन्नुभएको छ ।**" अनि शैतानले भन्यो, "**तिमीहरू मर्नेछैनौ, तर असल र खराबको ज्ञान पाएर तिमीहरू पनि सृष्टिकर्त्ताजस्तै हुनेछौ ।**" यो बहकाउमा परेर मानिसले त्यो फल खायो र असल तथा खराबको ज्ञान पाई आफूलाई नाङ्गै देख्यो । अनि पातको लुगा बनाएर उसले आफ्नो लाज ढाक्यो । यसले त मानिसले आफूलाई दोषी वा पापी ठानेपछि आफ्नो पाप आफ्नै धर्मकर्मले ढाक्ने वा कटनी गर्ने प्रयासलाई जनाउँदछ । त्यसै दिन साँझपख सृष्टिकर्त्ता मानिससँग कुराकानी गर्न आउनुभयो र उहाँको आवाज सुनेर मानिस रूखहरूको बीचमा लुक्यो । ऊ कुन रूखको कुन पातमुनि लुकेको थियो भन्ने कुरा सर्वज्ञानी सृष्टिकर्त्ता जान्नुहुन्थ्यो, तैपनि उहाँले मानिसबाट पश्चात्तापको अपेक्षा राख्दै सोध्नुभयो, "**तिमी**

**कहाँ छौ ?"** अनि मानिसले जवाफ दियो, **"बगैंचामा मैले तपाईंको आवाज सुनेँ र म डराएँ, किनकि म नाङ्गो छु, यसैले म लुकेँ ।"** मानिसले आफ्नो पापको पश्चात्ताप गरेन, तैपनि सृष्टिकर्त्ताले उसलाई छालाको लुगा बनाएर लगाइदिनुभयो । मानिसले पाप गर्दा उहाँले उसलाई नाश पार्नुभएन तर प्रेम गरेर लुगा बनाइदिनुभयो । यहाँनेर याद गर्नुपर्ने कुरा यो छः **छालाको लुगा बनाउनको लागि कुनै निर्दोष प्राणीको रगत बग्यो ।** तर यसमा एउटा रहस्यमय नियम सुरु भयोः **मानिसको पाप ढाक्नको निम्ति निर्दोष प्राणीको रगत बग्नुपर्छ र रगत नबगाईकन पाप मोचन हुँदैन ।** यो एउटा छाया वा नमुना हो जुन इतिहासमा पछि आएर वास्तविकतामा पूरा भयो । यहीँबाट नै बलिदानको प्रथा सुरु भयो र यो एउटा छाया वा नमुनाको रूपमा सृष्टिकर्त्ताले नै सुरु गर्नुभयो । यो प्रथा धर्महरूभन्दा पहिला सुरु भएको पाइन्छ । अनि प्रायः सबै धर्महरूमा बलिदानको रीति व्याप्त छ, तर यहाँ धर्मको कुरा गर्न लागिएको छैन । यहाँ त सृष्टिकर्त्तासँगको मानिसको सम्बन्धको विषयमा पो कुरा गरिँदैछ ।

**"परमप्रभु दयालु र अनुग्रही हुनुहुन्छ, रिसाउनमा ढिलो र अति करुणामय हुनुहुन्छ । उहाँले सधैं हप्काइरहनुहुन्न, न त सधैंभरि आफ्नो रिस नै राखिरहनुहुन्छ । उहाँले हामीसँग हाम्रा पापहरूअनुसार व्यवहार गर्नुभएको छैन, न त हाम्रा अधर्महरूअनुसार हामीलाई बदला दिनुभएको छ । किनकि पृथ्वीमाथि आकाश जति उच्च छ, उहाँको डर मान्नेहरूप्रति उहाँको करुणा पनि उत्ति नै महान् छ । पश्चिमदेखि पूर्व जति टाढा छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखि टाढा हटाइदिनुभएको छ । जसरी बुबाले आफ्ना छोराछोरीहरूलाई टिठाउँछन्, त्यसरी नै परमप्रभुले आफ्नो डर मान्नेहरूलाई टिठाउनुहुन्छ ।"** (**भजन १०३:८-१३**)

## अनन्त, सिद्ध तथा पूर्ण बलिदानको भविष्यवाणी

**"उसले आफ्नो प्राण मृत्युमा पोखिदिएको छ । अनि ऊ अपराधीहरूसँग गनियो । अनि उसले चाहिँ धेरैको पाप बोक्यो, र अपराधीहरूका निम्ति उसले अन्तर्विन्ती गर्‍यो ।" (यशैया ५३:१२)**

यसरी संसारमा पाप आयो र पापले मृत्यु ल्यायो । तर मानिस विनाशतिर लागेको सृष्टिकर्त्ताले देख्न सक्नुभएन । उहाँले मानिसको पापको कारण उसलाई नाश पार्नुभएन वा नाश पार्ने धम्की दिनुभएन, तर आफूकहाँ मानिसलाई फर्काएर ल्याउने पुनर्स्थापनाको योजना प्रकट गर्नुभयो । यस विषयमा सृष्टिकर्त्ताले एउटा भविष्यवाणी गर्नुभयो, "**स्त्रीको सन्तानले सर्पको सन्तानको टाउको कुच्च्याउनेछ, र सर्पको सन्तानले स्त्रीको सन्तानको कुर्कुच्चा डस्नेछ**" (**उत्पत्ति ३:१५**) । यो भविष्यवाणीले एउटा सिद्ध तथा पूर्ण बलिदानलाई जनाउँदछ जति बेला स्त्रीबाट जन्मिएको मानिसले दुष्ट शैतानलाई सदाको निम्ति पराजित गर्नेछ यद्यपि शैतानले स्त्रीको सन्तानलाई अलिकति हानि पुर्‍याउनेछ । यो भविष्यवाणी पूरा गर्दै आजभन्दा लगभग २,००० वर्ष अगाडि प्रभु येशू ख्रीष्ट सृष्टिकर्त्ताको सामर्थ्यले कन्य मरियमबाट स्त्रीको सन्तानको रूपमा यस संसारमा आउनुभयो । अनि शैतानले उहाँलाई क्रूसमा टाँगिने अवस्थामा पुर्‍याए तापनि उहाँले आफ्नो उक्त बलिदानद्वारा मृत्युको शक्ति भएको शैतानलाई सधैंको लागि पराजित गरिदिनुभयो ।

त्यसको धेरै वर्षपछि सृष्टिकर्त्ताले यहूदीहरूलाई मिश्रदेशको दासत्वबाट छुटकारा दिने बेलामा त्यसको सम्झनाको लागि एउटा चाड सुरु गरिदिनुभयो । त्यसलाई निस्तार चाड भनिन्छ जसले वास्तवमा भन्ने हो भने येशू ख्रीष्टको बलिदानको भविष्यवाणी गर्दछ । त्यो चाड यस्तो थियो: "**निसान वा अबिब महिनाको दशौं दिनमा तिनीहरूले आफ्ना निम्ति**

**एउटा पाठो लिऊन्....तिमीहरूको पाठो निष्खोट, पहिलो वर्षको नर होओस् । तिमीहरूले त्यो भेडाहरूबाट वा बाख्राहरूबाट लेओ ! अनि तिमीहरूले त्यसलाई त्यही महिनाको चौंधौं दिनसम्म राखिछोड्नू । अनि बेलुकीपख इस्राएलको समुदायको सम्पूर्ण सभाले त्यसलाई मार्नू ! अनि तिनीहरूले त्यस रगत लिऊन् र जुन घरहरूमा तिनीहरूले त्यो पाठो खान्छन्, तिनका ढोकाका दुईवटा खाँबाहरूमा र माथिल्लो तेर्सो काठमा त्यो लगाऊन् ।....अनि त्यो रगतचाहिँ तिमीहरू बसेका घरहरूमा तिमीहरूका निम्ति चिन्ह ठहरिनेछ । अनि जब म त्यो रगत देख्छु, तब म तिमीहरूलाई नछोइ जानेछु र....त्यो विपत्ति तिमीहरूलाई नष्ट गर्न तिमीहरूमाथि आइपर्नेछैन ।....अनि तिमीहरूले यसको कुनै हड्डी नभाँच्नू ।”** (प्रस्थान १२)

उहाँ जन्मिनुभन्दा लगभग ७०० वर्ष अगाडि अर्को भविष्यवाणी गरियो: “**कसले हाम्रो समाचार विश्वास गरेको छ ? अनि कसकहाँ परमप्रभुको बाहुली प्रकट भएको छ ? किनकि ऊ उहाँको सामु एउटा कलिलो मुनाजस्तो, र सुक्खा भूमिबाट निस्किएको जराजस्तो बढ्नेछ । उसको न केही रूप, न कुनै शोभा नै छ, अनि जब हामी उसलाई हेर्नेछौं, तब उसमा यस्तो कुनै सुन्दरता छैन, कि हामीले उसको चाहना गरौं । मानिसहरूद्वारा ऊ तुच्छ ठानिएको र त्यागिएको छः शोकहरूको मानिस, र दुःखसँग परिचित, यस्तो मानिस जसदेखि हामीले अनुहार लुकायौं, तुच्छ ठानिएको, जसलाई हामीले कुनै मूल्यको ठानेनौं । निश्चय उसले हाम्रै दुःखहरू उठाएको छ, र हाम्रै शोकहरू बोकेको छ, तरै पनि हामीले उसलाई सृष्टिकर्त्ताद्वारा हिर्काइएको, पिटिएको र कष्टमा पारिएको ठान्यौं । तर ऊ त हाम्रै अपराधहरूका निम्ति घाइते भएको थियो, उसलाई हाम्रै अधर्महरूका निम्ति चोटैचोट परेको थियो, हाम्रै शान्तिका निम्ति ताडना उसमाथि पऱ्यो र उसका कोर्राका चोटहरूद्वारा हामी निको भयौं । हामी सबैले भेडाहरूले झैं बाटो बिराएका छौं, हामी हरेक**

**आआफ्नो बाटोतिर लागेका छौं, तर परमप्रभुले हामी सबैको अधर्म उसैमाथि राखिदिनुभएको छ । ऊ थिचोमिचोमा पर्‍यो र उसलाई कष्ट दिइयो, तर पनि उसले आफ्नो मुख खोलेन, एउटा भेडाको पाठोझैं ऊ मारिनका निम्ति ल्याइयो । अनि जसरी भेडा आफ्ना ऊन कत्रनेहरूको सामु मौन रहन्छ, त्यसरी नै उसले पनि आफ्नो मुख खोलेन । थुना र न्यायबाट भएर ऊ लगियो, अनि कसले उसको पुस्ता विचार गरेको छ ? किनकि ऊ त जीवितहरूको देशबाट काटिएको थियो, मेरो प्रजाको अपराधको कारणले प्रहार उसमाथि पर्‍यो । अनि उसको चिहान दुष्टहरूको साथमा ठहरियो, तर उसको मृत्युमा ऊ धनवान्‌को साथमा थियो, किनकि उसले कुनै अत्याचार गरेन, न उसको मुखमा कुनै छल नै थियो । तरै पनि उसलाई चोटैचोट पार्नु परमप्रभुलाई इच्छा लाग्यो । उहाँले उसलाई कष्टमा पार्नुभयो । जब तपाईंले उसको प्राणलाई पापबलि तुल्याउनुहुन्छ, तब उसले आफ्नो वंश देख्नेछ, उसले आफ्ना दिनहरू बढाउनेछ, र उसको हातमा परमप्रभुको शुभेच्छा सफल हुनेछ । उहाँले उसको प्राणको व्यथा देख्नुहुनेछ, र सन्तुष्ट हुनुहुनेछ । मेरो धर्मी दासले आफ्नो ज्ञानद्वारा धेरैलाई धर्मी ठहराउनेछ । किनकि उसैले उनीहरूका अधर्महरू बोक्नेछ । यसकारण महान्‌हरूको साथमा म उसलाई भाग दिनेछु, अनि उसले शक्तिशालीहरूसँग लुटको माल बाँड्नेछ । किनकि उसले आफ्नो प्राण मृत्युमा पोखिदिएको छ । अनि ऊ अपराधीहरूसँग गनियो । अनि उसले चाहिँ धेरैको पाप बोक्यो, र अपराधीहरूका निम्ति उसले अन्तर्विन्ती गर्‍यो ।" (यशैया ५३)** । यो भविष्यवाणी प्रभु येशू ख्रीष्टको जीवनमा अक्षरशः पूरा भयो । सृष्टिकर्त्ताले मानवजातिको पापको ऋण प्रभु येशूद्वारा चुक्ता गरिदिनुभयो । क्रूसमा प्रभु येशू बलि हुनुभन्दा ५२० देखि लगभग १५०० वर्षअगाडि अझै अर्को भविष्यवाणी भएको थियो: "**उहाँले उसका सबै हड्डीहरूको रक्षा गर्नुहुन्छ, तिनमा एउटै पनि भाँचिँदैन** (**भजन** ३४:२०).... **तिनीहरूले मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकका लागि गोला**

**हाल्छन्** (**भजन** २२:१८)....**तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंडेका थिए**" (**जकरिया** १२:१०) **।** अहिलेको लागि यो कुरालाई याद राख्नुहोस् किनभने यसको पूर्णताको विषयमा पछि तपाईंले पढ्नुहुनेछ ।

## धर्मको सरुवात्

**"धिक्कार त्यसलाई जसले आफ्ना सृष्टिकर्त्तासित झगडा गर्दछ ।"**
(**यशैया** ४५:९)

अब मानिसका दुई छोराहरू भए । जेठो हुर्किएर खेतिकिसानी गर्ने भयो र कान्छोले गाइवस्तु पालन गऱ्यो । यहाँसम्म आइपुग्दा त्यो बलिदानको प्रथा चलिसकेको थियो । सृष्टिकर्त्ताको सामु ग्रहणयोग्य हुनको लागि बलिदान चढाउनुपर्दछ भन्ने कुरा मानिसलाई थाहा थियो । तर जेठाले आफूले फलाएकै उब्जनीबाट केही लगेर सृष्टिकर्त्तालाई चढायो र कान्छोले चाहिँ असल पाठोको बलिदान चढायो । सृष्टिकर्त्ताले पाठोको बलिदानलाई ग्रहण गर्नुभयो, तर फलफूलको भेटीलाई ग्रहण गर्नुभएन । यसले के प्रष्ट पार्दछ भने, सृष्टिकर्त्ताको सामु जानको लागि उहाँकै तरिकाले, उहाँकै नियम र शर्तअनुसार जानुपर्दछ । अनि उहाँको तरिका प्रकट भइसकेको थियो: **मानिसको पाप ढाक्नको निम्ति निर्दोषको रगत बग्नुपर्दछ ।** अनि जेठो रिसायो र उसले आफ्नो भाइप्रति ईर्ष्या गऱ्यो । तर सृष्टिकर्त्ताले भन्नुभयो, "**तिमीले असल काम गऱ्यौ भने तिमी पनि ग्रहणयोग्य हुँदैनौ र ?**" (**उत्पत्ति** ४:७) **।** यहाँनेर हामी देख्छौं कि सृष्टिकर्त्ताको नजरमा असल काम भनेको उहाँको नियमअनुसारको काम हो, मानिसको आफ्नै नियमअनुसारको होइन । सृष्टिकर्त्ताको नियम यो हो: "**रगत नबगाईकन पाप मोचन हुँदैन**" (**हिब्रू** ९:२२) । यसरी मानिसले आफ्नै तरिकाले सृष्टिकर्त्ताकहाँ जाने अर्थात् आफ्नो पाप कट्नी गर्ने प्रयास सुरु गऱ्यो, तर ऊ त्यसमा सफल भएन । यस्ता प्रयासहरूको

कारण संसारमा धर्महरूको सुरुवात् भयो । सबै धर्महरूमा मोक्ष कमाउने मानिसको प्रयास समावेश हुन्छ । यहाँनेर याद गर्नुपर्ने कुरा के हो भने, धर्मभन्दा मानिस अघिको हो । धर्म सुरु हुनुभन्दा अगावै सृष्टिकर्त्तासँग मानिसको सम्बन्ध बिग्रिसकेको अर्थात् पाप सुरु भइसकेको थियो । यसरी धर्मचाहिँ मानिसले सुरु गराएको हो । उक्त घटनामा अगाडि हेर्ने हो भने, रिसको कारण जेठोले कान्छोको हत्या गऱ्यो । यसरी धर्मको नाममा हत्याहिंसा सुरु भयो । एउटा महत्वपूर्ण कुरा के हो भने, हामी आफै पापी वा अशुद्ध छौं भने सृष्टिकर्त्ताको नजरमा हाम्रो धर्मकर्म ग्रहणयोग्य हुन सक्दैन ! हामी विष हौं भने हाम्रो कर्म विषालु हुन जान्छ । प्राचीन मानिसहरू यसरी कायल बने, "**हामी सबै अशुद्ध मानिसहरूझैं भएका छौं र हाम्रा धर्मकर्म फोहोर लुगाजस्ता छन् । हामी पातझैं ओइलाइहाल्छौं र हाम्रा अधर्मले हामीलाई बतासले झैं उडाइहाल्नेछन्**" (**यशैया ६४:६**) । हामी पापको दलदलमा फसेका छौं र आफै बाहिर निस्कन सक्दैनौं भने हामीलाई कसैले त्यसदेखि बाहिर निकालिदिनुपर्दछ अर्थात् हामीलाई उद्धारकर्त्ता चाहिन्छ । "**हाय** ! **म कति अभागी मानिस** ! **कसले मलाई यस मृत्युको शरीरबाट छुटकारा देला** ?" (**रोमी ७:२४**) ।

## अपूर्ण बलिदान

**"दुष्ट मानिसले चढाएको बलिदान घिनलाग्दो हुन्छ, त्यसले दुष्ट अभिप्रायले चढाएको बलिदान झन् कति घृणित हुन्छ ?"**
**(हितोपदेश २१:२७)**

संसारमा विभिन्न किसिमका बलिदानका कुराहरू पाइन्छन् । तर तिनको विषयमा सृष्टिकर्त्ताको वचन यसो भन्दछ, "**व्यवस्था (अर्थात् धर्मका नियमहरू) सँग आउनेवाला असल कुराहरूको खास रूपचाहिँ नभएर छायामात्र भएको हुनाले तिनीहरूले वर्षवर्ष निरन्तर चढाएका ती**

**एकै प्रकारका बलिदानहरूद्वारा नजिक आउनेहरूलाई कहिल्यै सिद्ध पार्न सक्दैन । नत्र त के ती चढाइन बन्द हुनेथिएनन् र ? किनभने एकपल्ट शुद्ध पारिएपछि विवेकले सेवा गर्नेहरूलाई फेरि कहिल्यै पापी नठहराउनुपर्थ्यो । तर ती बलिदानहरूद्वारा हरेक वर्ष फेरि पापहरूको सम्झना पो हुन्छ । किनकि जनावरहरूको रगतले पापहरू हरण गर्नु असम्भव छ"** (हिब्रू १०:१–४) । यसरी वर्षैपिच्छे चढाइने बलिदानहरू अपूर्ण छन् र ती पनि एउटा सिद्ध तथा पूर्ण बलिदानको छाया हुन् जुनचाहिँ क्रूसमा भएको येशू ख्रीष्टको बलिदानमा वास्तविक बन्यो र पूरा भयो । त्यसैकारण विश्वास गर्नेहरूका लागि मानिसको पापमोचनको निम्ति अबउसो पशुहरू र पंक्षीहरूको बलिदान आवश्यक छैन ।

*क्रूसमा प्रभु मर्नुभयो, हाम्रो पापको भार उठाउनुभयो*
*मृत्युबाट प्रभु बौरिउठ्नुभयो र हामीलाई स्वर्गको ढोका खोल्नुभयो*

## अनन्त, सिद्ध तथा पूर्ण बलिदान र भविष्यवाणीहरूको अक्षरशः पूर्णता

**"येशू ख्रीष्टको शरीरको एकैचोटिको बलिदानद्वारा हामी पवित्र पारिएका छौं । एउटै बलिदानद्वारा उहाँले पवित्र पारिएकाहरूलाई सदाका निम्ति सिद्ध पार्नुभएको छ ।"** (हिब्रू १०:१०, १४)

अनि तोकिएको समयमा, भविष्यवाणी गरिएअनुसार नै एसिया महादेशको इस्राएल देशको यरूशलेम नजिकै रहेको बेतलेहेम गाउँमा येशू प्रभु परमेश्वरको सामर्थ्यले कन्य मरियमको कोखबाट जन्मिनुभयो । उहाँ मानिसको प्रतिनिधि भएर, मानिसको सट्टामा, मानिसको पाप बोकेर क्रूसमा मर्नको लागि आउनुभयो । उहाँको जमानाका एकजना सृष्टिकर्त्ताका भविष्यवक्ताले उहाँलाई देखाउँदै यसो भने, **"हेर परमेश्वरका थुमालाई,**

**जसले संसारको पाप उठाइलैजानुहुन्छ" (यूहन्ना १:२९) ।** त्यसको एउटै कारण हो: अयोग्यमाथि दया देखाउनु । हामी उहाँको दया पाउन योग्यका छैनौं । तपाईंले गएको हप्ताभरि सोच्नुभएका सबै कुराहरूको बारेमा विचार गर्नुहोस् त । के ती असल थिए ? के तिनलाई भिडियोमा सारेर सबैको सामु देखाउन सकिन्छ ? अहँ, कदापि सकिँदैन, किनकि त्यो भ्रष्ट र अश्लील हुन्छ । वास्तवमा, हामी त विनाशको पो योग्य छौं । तैपनि उहाँले हामीलाई शुद्ध, पवित्र, धर्मी र उहाँको नजरमा असल बनाउन नै चाहनुभयो किनभने उहाँले हामीलाई निशर्त प्रेम गर्नुहुन्छ, एक सांसारिक बुबाले भन्दा पनि बढी गरेर । त्यसको निम्ति उहाँले अचम्भको काम गर्नुभयो जुन काम मानव इतिहासमा न पहिला कहिल्यै भएको थियो न त फेरि कहिल्यै हुनेछ । **"प्रेम यसैमा छ, हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनको लागि उहाँका पुत्रलाई पठाउनुभयो ।" (१ यूहन्ना ४:१०)**

उहाँ बुद्धि र कदमा वृद्धि हुनुभयो (लूका २:५२) । उहाँ रोगीहरूलाई निको पार्दै र सुकर्म गर्दै घुम्नुभयो । उहाँले त्यस समयकी कथित अछूत (सामरी) स्त्रीको हातबाट पानी पिउनुभयो । उहाँ पापी कहलिएका मानिसहरूका घरमा पाहुना बस्नुभयो र उहाँले तिनीहरूसँगै खानुभयो । उहाँले अन्धाहरूलाई दृष्टि दिनुभयो, कुष्ठरोगीहरूलाई शुद्ध पार्नुभयो, अपाङ्गहरूलाई सपाङ्ग बनाइदिनुभयो, मरेकाहरूलाई समेत पुनर्जीवित पार्नुभयो, पापीहरूलाई चेला बनाउनुभयो, मानिसहरूका पाप क्षमा गर्नुभयो र मानिसहरूलाई यो सन्देश प्रचार गर्नुभयो, **"पश्चात्ताप गर, परमेश्वरको राज्य नजिकै छ ।....म उही हुँ भनी तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्ना पापहरूमै मर्नेछौ" (यूहन्ना ८:२४) ।** यसरी उहाँले केवल साढे तीन वर्षसम्म परमेश्वरको राज्यको सन्देश प्रचार गर्नुभयो । अनि यहूदीहरूले उहाँलाई पक्राउ गरे र गैरकानूनीरूपमा

रातीमा लगेर धार्मिक अदालतमा उभ्याए । त्यसपछि उहाँलाई रोमी प्रशासनको हातमा सुम्पिदिए । रोमी प्रशासनअन्तर्गत रहेको यरूशलेममा उहाँलाई केरकार गरियो । त्यस समयका रोमी प्रशासक पिलातसले तीन दिनसम्म केरकार गर्दासमेत उहाँमा कुनै पनि दोष भेट्टाएनन् । यो घटनालाई गहिरोरूपमा केलाएर हेर्दा, यहूदीहरूले निस्तार चाडको बलिदान चढाउन पाठोलाई अलग्गै राख्ने दिनमा अर्थात् निसान वा अबिब महिनाको दशौं दिनमा नै प्रभु येशू यरूशलेममा प्रवेश गर्नुभयो । अनि जसरी त्यो पाठोमा कुनै खोट वा रोग छ कि भनेर जाँच्नको लागि त्यसलाई तीन दिनसम्म एक्लै राखिन्थ्यो, त्यसरी नै प्रभु येशूलाई तीन दिनसम्म जाँच गरियो । अनि ती रोमी प्रशासकले यहूदीहरूका सामु यो घोषणा गरे, “म यिनमा एउटा पनि दोष भेट्टाउँदिनँ ।” तैपनि यहूदीहरूले लगेर उहाँलाई ठीक त्यही दिन र त्यही समयमा क्रूसमा टाँगे जुन दिन र समयमा निस्तार चाडको पाठो बलि गरिन्थ्यो । त्यसैकारण सृष्टिकर्त्ताको वचन भन्दछ, “**ख्रीष्ट, जो हाम्रो निस्तारको पाठो हुनुहुन्छ, हाम्रो निम्ति बलिदान हुनुभएको छ**” (१ **कोरिन्थी ५:७**) । निस्तार चाडमा जुन घरको त्रिकोसमा निस्तारको पाठोको रगत लगाइन्थ्यो, त्यो घरमा मृत्युको विपत्ति आएन । ठीक त्यसरी नै येशू ख्रीष्टको रगतलाई स्वीकार गर्नेहरू अर्थात् त्यो रगतले मेरै पापको ऋण तिरिदियो भनी विश्वास गर्नेहरूले आत्मिक मृत्यु अर्थात् दोस्रो मृत्यु भोग्नुपर्दैन । (दोस्रो मृत्यु भनेको पापको सजायस्वरूप सृष्टिकर्त्तादेखि अलग भएर सधैंभरिको लागि नरकमा पर्नु हो ।) यसको अर्थ, तिनीहरू पापबाट मुक्त भएर सदासर्वदाको निम्ति स्वर्ग जान्छन् । यसरी प्रभु येशूले निस्तार चाडको छायालाई सदासर्वदाको निम्ति पूरा गरिदिनुभयो । हामीले मोक्ष पाउनको निम्ति प्रभु येशू बलिदान हुनुभयो जुन पूर्ण र सिद्ध बलिदान थियो । त्यसैकारण हामीले अबउसो कुनै पशुपंक्षीको बलिदान चढाउनुपर्दैन । उहाँले हाम्रो ऋण तिरिदिनुभएको हुनाले, त्यसलाई विश्वास गरेमा हामीले आफ्नो

ऋण फेरि तिर्नुपर्दैन । क्रूसमा उहाँ बलि हुनुहुँदा उहाँको विषयमा गरिएका सबै भविष्यवाणीहरू शब्दशः पूरा भए । उहाँको साथमा दुईजना चोरहरूलाई एकलाई येशूको दाहिनेतिर र अर्कोलाई उहाँको देब्रेतिर क्रूसमा टाँगिएको थियो । यसरी उहाँ अपराधीहरूसँगै गनिनुभयो भन्ने भविष्यवाणी पूरा भयो । त्यसपछि "**तब सिपाहीहरू आए, अनि पहिलोचाहिँका खुट्टा भाँचिदिए र अर्को चाहिँका पनि, जो उहाँसँगै क्रूसमा टँगाइएको थियो । तर जब तिनीहरू येशूकहाँ आए, र उहाँलाई पहिला नै मरिसक्नुभएको देखे, तब तिनीहरूले उहाँका खुट्टा भाँचेनन् । तर सिपाहीहरूमध्ये एउटाले उहाँको कोखामा भालाले घोच्यो, अनि तुरुन्तै रगत र पानी निस्किए**" (**यूहन्ना १९ः३२-३४**) । यसले माथि उल्लेखित अरू पनि भविष्यवाणीहरू पूरा भएका देखाउँदछ । उहाँको लाशबाट रगत र पानी छुट्टिएर निस्किनुले उहाँ वास्तवमै मर्नुभयो भन्ने कुराको प्रमाण दिन्छ किनभने जीवित मानिसमा रगत र पानी मिसिएर रहन्छन् । अनि अरिमथियाका योसेफ नाम गरेका व्यक्तिले आफ्नो निम्ति बनाएका चिहानमा प्रभु येशूको लाश लगेर गाडिदिए । यसरी "**उसको मृत्युमा ऊ धनवान्‌को साथमा थियो**" भन्ने भविष्यवाणी पनि पूरा भयो । "**उहाँलाई परमेश्वरले प्रायश्चित ठहऱ्याउनुभयो, जो उहाँको रगतमा गरिएको विश्वासद्वारा कार्यकारी हुन्छ; योचाहिँ परमेश्वरको सहनशीलतामा पहिला गरिएका पापहरूका क्षमाका विषयमा आफ्नो धार्मिकता प्रकट गर्नको निम्ति हो**" (**रोमी ३ः२५**) । "**धार्मिक येशू ख्रीष्ट हाम्रा पापको निम्ति प्रायश्चित हुनुहुन्छ, अनि हाम्रा निम्ति मात्र होइन, तर सबै संसारका निम्ति पनि**" (**१ यूहन्ना २ः२**) ।

उहाँ मानिसको पाप बोकेर क्रूसमा मर्नुभयो । मानिसको पापको सजाय उहाँले भोगिदिनुभयो । मानिसले कसै गरेर पनि तिर्न नसक्ने पापको ऋण उहाँले तिरिदिनुभयो । परमेश्वरको वचन भन्दछः "**हामी पापी हुँदाहुँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो**" (**रोमी ५ः८**) । "**अनन्त आत्माद्वारा**

**ख्रीष्टले आफैलाई परमेश्वरको सामु निष्कलङ्क चढाउनुभयो....किनकि ख्रीष्ट हातले बनाएका पवित्रस्थानहरूभित्र पस्नुभएन, जो वास्तविक पवित्रस्थानहरूका प्रतिरूप हुन्, तर स्वर्गभित्र नै पस्नुभयो....न त आफूलाई बारम्बार चढाउनका निम्ति नै....नत्र त उहाँले संसारको उत्पत्तिदेखि नै बारम्बार दुःख भोग्नुपर्नेथ्यो । तर अब, यस युगको अन्त्यमा आफ्नै बलिदानद्वारा पाप हटाउनलाई उहाँ एकपल्ट देखा पर्नुएभएको थियो । अनि जसरी मानिसहरूका निम्ति एकपल्ट मरण र त्यसपछि न्याय नियुक्त गरिएको छ, उसरी नै ख्रीष्ट पनि धेरैका पापहरू बोक्नका निम्ति एकपल्ट बलि चढाइनुभयो,....येशू ख्रीष्टको शरीरको एकैचोटिको बलिदानद्वारा हामी पवित्र पारिएका छौं ।....यी व्यक्ति त पापहरूका निम्ति एउटै बलिदान सदाका निम्ति चढाएर परमेश्वरको दाहिने हाततर्फ बस्नुभयो....एउटै बलिदानद्वारा उहाँले पवित्र पारिएकाहरूलाई सदाका निम्ति सिद्ध पार्नुभएको छ ।"** अनि सृष्टिकर्त्ता परमेश्वर भन्नुहुन्छ, **"तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ । अब जहाँ यी कुराहरूको पापक्षमा हुन्छ, त्यहाँ पापको निम्ति कुनै बलिदान बाँकी रहँदैन"** (हिब्रू ९, १०) । **"किनकि परमेश्वर एक हुनुहुन्छ । परमेश्वर र मानिसहरूका बीचमा एउटै मध्यस्थ पनि हुनुहुन्छ, अर्थात् ख्रीष्ट येशू, जो मानिस हुनुहुन्छ"** (१ **तिमोथी** २:५) । यसरी उहाँ परमेश्वरसम्म र मानिससम्म पुग्न सक्नुहुन्छ अनि उहाँले मध्यस्थता गरिदिन सक्नुहुन्छ ।

## प्रभु ख्रीष्टको बलिदानले मानवजातिलाई दिने लाभ

**"किनकि परमेश्वरले संसारलाई यसरी प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र जन्माइएका पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।"**
**(यूहन्ना ३:१६)**

सृष्टिकर्त्ता स्वयंले सदाको निम्ति एउटा सिद्ध बलिदान दिनुभएको हुनाले अबउसो अरू कुनै बलिदानको आवश्यकता छैन । परमेश्वरको वचन भन्दछ, "**यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो, किनकि सबैले पाप गरेका छन् ।....जसरी एउटा मानिसले आज्ञा भङ्ग गरेकोले धेरैजना पापी बनिए, त्यसरी नै एकजनाले आज्ञापालन गरेकोले धेरैजना धर्मी बनाइनेछन्**" (**रोमी ५**) । हजुर, हामी सृष्टिकर्त्ताद्वारा धर्मी, शुद्ध, पवित्र र स्वर्ग जाने योग्यका बनाइन सक्दछौं, हाम्रो प्रयासले होइन तर उहाँले क्रूसमा पूरा गरिदिनुभएको कामले । "**हामीलाई परमेश्वरकहाँ पुऱ्याउनको लागि ख्रीष्टले पनि – धर्मी जनले अधर्मीहरूका निम्ति – पापहरूका लागि एकपल्ट दुःख भोग्नुभयो र शरीरमा मारिनुभयो, तर आत्माद्वारा उहाँ जीवित पारिनुभयो**" (**१ पत्रुस ३:१८**) । येशू ख्रीष्टले क्रूसमा आफ्नो प्राण अर्पण गर्नुभन्दा ठीक अगाडि एउटा अन्तिम वाक्य बोल्नुभयो जुन एउटा महान् घोषणा थियो, "**अब पूरा भयो**" (**यूहन्ना १९:३०**) । उहाँले बलिदानको प्रथालाई पूरा गरिदिनुभयो । धर्मकर्म गर्नुपर्ने र पुण्य कमाउनुपर्ने काम पूरा गरिदिनुभयो । मोक्ष प्राप्त गर्नको लागि गर्नुपर्ने सबै कर्म पूरा गरिदिनुभयो । मानिसको पापको पूरै ज्याला, ऋण र सजाय तिरिदिनुभयो । यसरी वास्तवमा उहाँले त संसारका सबै धर्महरू पूरा गरिदिनुभयो । यो कुरामाथि विश्वास गर्नेहरूलाई छुटकारा, मुक्ति, मोक्ष र उद्धार उपहारको रूपमा उपलब्ध छन्: जसले लिन्छ, त्यसले पाउँछ । परमेश्वरको वचन यसो भन्दछ, "**तिमीहरू जान्दछौ – तिमीहरूका पितापुर्खाहरूदेखि चलिआएको तिमीहरूको व्यर्थको चालचलनबाट तिमीहरूले चाँदी र सुनजस्ता नाश हुने चीजहरूद्वारा छुटकारा पाएका होइनौ, तर निर्दोष र निष्कलङ्क थुमाको रगत अर्थात् ख्रीष्टको बहुमूल्य रगतद्वारा छुटकारा पाएका हौ**" (**१ पत्रुस १:१८–१९**) । बलिदान चढाइने पाठो निष्खोट, निष्कलङ्क हुनुपर्दछ भन्ने छाया येशू ख्रीष्टको बलिदानमा

पूरा भयो । त्यति बेलाको रोमी साम्राज्यले धेरैजना साक्षीहरूको गवाही सुन्दा पनि उहाँमा कुनै दोष भेट्टाउन सकेन । उहाँ कन्यबाट जन्मिनुभएको हुनाले उहाँमा पुर्ख्यौली पाप थिएन र उहाँ आफैले पनि कुनै पाप गर्नुभएन । यस विषयमा प्रभु येशूका एकजना चेला यसरी गवाही दिन्छन्, "**उहाँले कुनै पाप गर्नुभएन, न त कुनै छलकपट नै उहाँको मुखमा पाइयो । उहाँले गाली खाएर सट्टामा गाली दिनुभएन । उहाँले दुःख भोग्नुहुँदा धम्क्याउनुभएन । तर आफैलाई धर्ममय न्याय गर्नुहुनेको हातमा सुम्पिनुभयो । हामी पापहरूका निम्ति मरेर धार्मिकताको निम्ति बाँचौं भनेर उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो, उहाँकै चोटहरूद्वारा तिमीहरू निको पारियौ**" (१ **पत्रुस** २:२२–२४) **।** यदि त्यो बलिदान व्यक्तिगतरूपमा मेरो निम्ति पनि थियो भनी हामीले विश्वास गऱ्यौं भने हामी आत्मिक रोग अर्थात् पापको रोगबाट निको पारिन सक्दछौं, । फेरि यसो पनि भनिएको छ, "**येशू ख्रीष्टको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ । हामीसँग पाप छैन भनी हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन । हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ**" (१ **यूहन्ना** १:७–९) **।** के तपाईं प्रभु येशूको अनन्त, सिद्ध तथा पूर्ण बलिदान मेरै निम्ति थियो भनी विश्वास गर्नुहुन्छ ? तर उहाँ मरेको मऱ्यै हुनुभएन । गाडिनुभएको तेस्रो दिनमा उहाँ पुनर्जीवित हुनुभयो । अनि महिमित शरीर लिएर उहाँ धेरै मानिसहरूकहाँ देखा पर्नुभयो । उहाँले चालीस दिनसम्म आफ्ना चेलाहरूसँग खानुभयो, हिँड्नुभयो, तिनीहरूलाई सिकाउनुभयो । अन्त्यमा चालीसौं दिनमा उहाँ पाँच सयभन्दा बढी मानिसहरूको बीचबाट स्वर्गतिर उचालिनुभयो । (१ कोरिन्थी १५:६) । उहाँ पुनर्जीवित हुनुभएको घटनाचाहिँ उहाँको बलिदान अनन्त, सिद्ध तथा पूर्ण थियो, त्यसलाई सृष्टिकर्त्ताले ग्रहण गर्नुभयो र त्यसले सधैंभरिका

पापहरू मोचन गरिदियो भन्ने प्रमाण थियो । वास्तवमा भन्ने हो भने यो त उहाँको रगतले किनिदिएको स्वर्ग जाने टिकटको भर्पाइ पो हो ।

## मानवजातिलाई सृष्टिकर्त्ताको चेतावनी

**"तिमीहरूका परमेश्वरसित भेट गर्न तिमीहरू तयार भइरहो ।"**
(**आमोस** ४:१२)

सृष्टिकर्त्ताले मानिसलाई प्रेम गर्नुहुन्छ । हामी उहाँदेखि टाढिएका भए तापनि, उहाँले हामीलाई कहिल्यै पनि त्याग्नुभएन । हामी उहाँसित वैरी भएकै अवस्थामा उहाँ हामीलाई भन्नुहुन्छ, "**आऊ, हामी बसेर आफ्ना कुरा छलफल गरौं । तिमीहरूका पाप सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै हुनेछन् । गाढा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन्**" (**यशैया** १:१८) । उहाँले हामीलाई शुद्ध र पवित्र पारेर स्वर्ग जाने योग्यका बनाउने प्रस्ताव राख्नुभएको छ । त्यो प्रस्तावलाई स्वीकार गर्ने तरिका पनि उहाँ भन्नुहुन्छ, "**पश्चात्ताप र विश्राममा तिमीहरूको उद्धार छ**" (**यशैया** ३०:१५) । हजुर, हामीले आफ्ना पापलाई स्वीकार गर्दै पछुतो मान्दछौं र अबउसो त्यसमा लाग्नेछैन भनी त्यसलाई त्याग्दछौं, अनि क्षमा माग्दै सृष्टिकर्त्तातिर फर्कन्छौं भने जो मात्र असल हुनुहुन्छ, अनि हामीले अहिलेसम्म जानअन्जानमा गरेका सबै पापहरूको सजाय येशू ख्रीष्टको सिद्ध बलिदानमा भोगियो, मैले भोग्नुपर्दैन भनी विश्वास गऱ्यौं भने हामीलाई मुक्ति वा मोक्ष छ भनेर उहाँ भन्नुहुन्छ । अझ उहाँले यसो पनि भन्नुभएको छ कि हामीले आफ्ना पापहरू आफैले कटनी गर्ने दौडधूप तथा प्रयासहरूदेखि विश्राम गर्नुपर्दछ, किनभने हाम्रो पापको ऋण तिरिसकिएको हुनाले अब फेरि तिर्नुपर्दैन, हाम्रो पापको सजाय भोगिसकिएको हुनाले अब फेरि भोग्नुपर्दैन । सृष्टिकर्त्ताले नै प्रेम गरेर हाम्रो तर्फबाट प्रायश्चित गरिदिनुभएको हुनाले अब फेरि प्रायश्चित

गर्नुपर्दैन अर्थात् दण्ड तिर्नुपर्दैन । यसरी हामीले कर्मको बन्धनबाट विश्राम पाउन सक्दछौं । उहाँले भन्नुभएको छ, "**ए सबै परिश्रम गर्ने र भारीले दबिएकाहरू हो, मकहाँ आओ र म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि राख र मबाट सिक । किनकि म नम्र र कमलो मनको छु । अनि तिमीहरूले आ-आफ्ना प्राणमा विश्राम पाउनेछौ । किनभने मेरो जुवा सजिलो र मेरो भारी हलुका छ**" (**मत्ती ११:२८-३०**) **।** यो सबै प्रस्ताव उहाँले हामीलाई निशर्त प्रेम गर्नुभएको कारणले मात्र राख्नुभएको हो । तर हामीले पश्चात्ताप गरेनौं भने उहाँ भन्नुहुन्छ, "**तिमीहरू आफ्ना पापहरूमै मर्नेछौ । किनकि म उही हुँ भनी तिमीहरूले विश्वास गरेनौ भने तिमीहरू आफ्ना पापहरूमै मर्नेछौ**" (**यूहन्ना ८:२४**) **।** पापमै मरियो भने पापै बोकेर स्वर्ग जान सकिँदैन, किनकि स्वर्ग पवित्र हुन्छ जहाँ पापलाई प्रवेश-निषेध छ । "**तिमीहरूको पापले अवश्य तिमीहरूलाई फेला पार्नेछ**" (**गन्ती ३२:२३**) **।** "**जीवित परमेश्वरका हातमा पर्नु डरलाग्दो कुरा हो**" (**हिब्रू १०:३१**) **।** किनकि उहाँ निष्पक्ष न्यायाधीश हुनुहुन्छ र उचित न्याय गर्नुहुन्छ । उहाँले पापीलाई पापी र धर्मीलाई धर्मी भन्नुहुन्छ । तर हामी पापी छौं कि धर्मी भनेर हामी आफैले छुट्ट्याउनुपर्दछ । येशू प्रभुले आफ्नो लक्ष्य यसरी व्यक्त गर्नुभयो, "**निरोगीहरूलाई होइन, तर रोगीहरूलाई चिकित्सकको खाँचो पर्दछ । म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ**" (**मर्कूस २:१७**) **।**

## मोक्षको विषयमा सृष्टिकर्त्ताको भनाइ

**"किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको उपहार हो; कामहरूबाट होइन, नत्र त कसैले घमण्ड गर्नेछ ।"**

**(एफेसी २:८-९)**

मोक्ष पाउनको निम्ति त आफ्ना पापको पश्चात्ताप गरी सृष्टिकर्त्ताको उपहारलाई ग्रहण गरेमात्र पुग्दछ। त्यसमा कुनै पनि कर्म थप्नुपर्दैन। त्यस्तो थप्ने प्रयास त सृष्टिकर्त्ताको अपमान गर्नु हो किनभने उहाँले दिनुभएको उपहारको मोल हामी कदापि तिर्न सक्दैनौं। जसरी हाम्रा मान्यजनले हामीलाई कुनै उपहार दिँदा, त्यसको मोल तिर्ने प्रयास गरिएमा त्यसले त उहाँको अपमानमात्र गर्दछ। पौडी खेल्न नजानेर डुब्दै गरेको व्यक्तिलाई उद्धारकर्त्ताले बाहिर निकालिदिएपछि उसले बाहिर आउने प्रयास अझै गरिरहनुपर्दैन। उसले त उद्धारकर्त्तालाई धन्यवादमात्र भने पुग्दछ र आभारी हुँदै तिनको सेवा गर्न सक्दछ। हाम्रो मृत्यु हुँदा र हामी आत्मामा सृष्टिकर्त्ताको अदालतमा उभिँदा उहाँले हामीलाई, "म किन तिमीलाई स्वर्ग जान दिऊँ?" भनेर सोध्नुभयो भने केवल यसो भनेर हामी स्वर्ग जान सक्दछौं, "धन्यवाद! तपाईंले आफ्नो रगतले मेरो पाप पखालिदिनुभयो!" के तपाईंमा यस्तो निश्चयता छ? उहाँले सबैको निम्ति सधैंको निम्ति दिनुभएको अनन्त, सिद्ध तथा पूर्ण बलिदानले सृष्टिकर्त्ता र मानिसबीचको पापको पर्खाल भत्काइदिएको छ, अनि सबै मानिसहरूको लागि स्वर्ग जाने ढोका खोलिदिएको छ। के तपाईं त्यो ढोकाबाट प्रवेश गर्न चाहनुहुन्छ? त्यसको निम्ति केवल पश्चात्ताप र विश्वास गर्नुहोस्। सृष्टिकर्त्ता येशू भन्नुहुन्छ, "**बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन**" (यूहन्ना १४:६)। "**यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ: उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन।.... यसकारण अब ख्रीष्ट येशूमा हुनेहरूलाई कुनै दण्डको आज्ञा छैन,....किनकि**

प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।" (रोमी १०:९-११, ८:१, ९:१३)

## सृष्टिकर्त्ताप्रति मानिसको उचित व्यवहार

"हे परमेश्वर, तपाईंको करुणाअनुसार ममाथि दया गर्नुहोस्, तपाईंका असंख्य कोमल कृपाहरूअनुसार मेरा अपराधहरू मेटाइदिनुहोस् ! मेरो अधर्मबाट मलाई पूरा रूपले धुनुहोस् र मेरो पापबाट मलाई शुद्ध पार्नुहोस् ! किनकि म मेरा अपराधहरू स्वीकार गर्छु, अनि मेरो पाप निरन्तर मेरै सामुन्ने छ। तपाईंको विरोधमा, केवल तपाईंकै विरोधमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा यो खराबी गरेको छु। यस कारणले कि तपाईं बोल्नुहुँदा धर्मी र न्याय गर्नुहुँदा सच्चा ठहरिनुहुनेछ।....हिसपले मलाई चोख्याउनुहोस्, र म शुद्ध हुनेछु। मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु। मलाई हर्ष र आनन्द सुन्ने तुल्याउनुहोस्, र तपाईंले भाँच्नुभएका यी हड्डीहरू रमाऊन्। मेरा पापहरूबाट आफ्नो मुहार लुकाउनुहोस्, र मेरा सबै अधर्महरू मेटाइदिनुहोस् ! हे परमेश्वर, मभित्र शुद्ध हृदय सृजनुहोस्, र मभित्र स्थिर आत्मालाई नयाँ तुल्याउनुहोस् ! तपाईंको उपस्थितिबाट मलाई ननिकाल्नुहोस्, र तपाईंको पवित्र आत्मा मबाट नलैजानुहोस्। हे परमेश्वर, मेरा उद्धारका परमेश्वर, मलाई रक्तपातको दोषदेखि छुटकारा दिनुहोस्, र मेरो जिब्रोले धार्मिकताको गीत उच्च स्वरले गाउनेछ। हे प्रभु, मेरा ओठ खोलिदिनुहोस्, र मेरो मुखले तपाईंको स्तुतिप्रशंसा गर्नेछ। किनकि तपाईं बलिदानको चाहना गर्नुहुन्न, नत्र त म त्यो चढाउनेथिएँ, तपाईं होमबलिमा प्रसन्न हुनुहुन्न। टुटेको आत्मा नै परमेश्वरको निम्ति बलिदानहरू हुन्, हे परमेश्वर, तपाईं टुटेको र पश्चात्तापले चूर्ण हृदयलाई तुच्छ ठान्नुहुन्न।" (भजन ५१)

यो प्रार्थना इस्राएलका एकजना राजा दाऊदको थियो जसले हत्यासम्मको पाप गरेका थिए । तिनले जसरी तपाईंले पनि अब बलिदान चढाउन नै चाहनुहुन्छ भने कुनै पशुपंक्षीको होइन तर तपाईंकै चूर्ण हृदयको बलिदान चढाउनुहोस् जसलाई सृष्टिकर्त्ताले तिरस्कार गर्नुहुन्न । चूर्ण हृदयको बलिदान चढाउनु भनेको आफ्ना सबै पापहरू सृष्टिकर्त्ताको सामु स्वीकार गर्नु हो जोदेखि हाम्रो कुनै पनि काम, बोली र विचारसमेत लुकेको छैन । हजुर, यसरी आफ्ना पापको कायल भई प्रभु येशू ख्रीष्टको अनन्त, सिद्ध तथा पूर्ण बलिदान मेरै निम्ति थियो भनी विश्वास गर्नुभयो भने तपाईंले मोक्ष पाउनुहुन्छ । यो मानवजातिको निम्ति सबैभन्दा ठूलो उपहार हो जुन कुनै पनि कर्म र पुण्यले किन्न वा कमाउन सकिँदैन । के तपाईं यो उपहारलाई ग्रहण गर्न चाहनुहुन्छ ? तपाईंलाई हाम्रो शुभकामना छ कि तपाईंको आत्मा अवश्य सृष्टिकर्त्ताको राज्य अर्थात् स्वर्ग पुगोस् जहाँ हामी आफ्नो प्रयास, तरिका र बलले जान सक्दैनौं । जसरी हामी अर्को व्यक्तिको घरमा, अर्को देशमा जाँदा आफ्नो तरिकाले जान सक्दैनौं, तर त्यही व्यक्ति र त्यही देशको तरिकाले तथा अनुमति लिएर मात्र जान सक्दछौं, त्यसरी नै सृष्टिकर्त्ताको राज्य स्वर्गमा जानको लागि उहाँकै तरिकामा र अनुमति लिएर जानुपर्दछ किनकि त्यहाँ उहाँको कानुन चल्छ । अनि हामीलाई स्वर्ग जानदेखि रोक्न सक्ने एउटामात्र कुरा पाप हो जसलाई सदाको निम्ति सृष्टिकर्त्ताले नै हटाइदिनुभएको छ । त्यसैले त्यो अनुमति येशू ख्रीष्टको बलिदानमा दिइएको छः "**येशू ख्रीष्टको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।....जससँग पुत्र (अर्थात् येशू ख्रीष्ट) हुनुहुन्छ, ऊसित जीवन छ । जससँग परमेश्वरका पुत्र हुनुहुन्न, ऊसित जीवन छैन**" (**१ यूहन्ना १:७, ५:१२**) । "**परमेश्वरले आफ्ना पुत्रलाई संसारलाई दोषी ठहऱ्याउनको निम्ति होइन, तर उहाँद्वारा संसारले उद्धार पाओस् भनेर संसारमा पठाउनुभयो । उहाँमाथि विश्वास गर्ने जन दोषी ठहरिँदैन । तर विश्वास नगर्ने जन दोषी ठहरिइसकेको छ, किनभने**

उसले परमेश्वरका एकमात्र जन्माइएका पुत्रको नाममा विश्वास गरेको छैन ।....पुत्रमाथि विश्वास गर्नेसँग अनन्त जीवन हुन्छ । अनि पुत्रलाई विश्वास नगर्नेले जीवन देख्नेछैन...." (यूहन्ना ३:१७, १८, ३६) ।

## मानवजातिलाई सृष्टिकर्त्ताको बोलावट

"आओ । अनि जसले सुन्छ, उसले भनोस्: आओ । अनि जो तिर्खाउँछ, ऊ आओस् । अनि जसले चाहन्छ, उसले सित्तैंमा जीवनको पानी लेओस् ।....जबसम्म परमप्रभुलाई भेट्टाउन सकिन्छ, तबसम्म तिमीहरूले उहाँको खोजी गर ! उहाँ नजिक हुनुहुँदा नै तिमीहरू उहाँलाई पुकार ! दुष्ट मानिसले आफ्नो चाल, र अधर्मी मानिसले आफ्ना विचारहरू त्यागोस्, अनि परमप्रभुकहाँ फर्कोस्, र उहाँले त्यसमाथि दया देखाउनुहुनेछ । अँ, त्यो हाम्रा परमेश्वरकहाँ फर्कोस्, किनकि उहाँले प्रशस्त गरी क्षमा गर्नुहुनेछ ।" (यशैया ५५)

"दुष्टको मृत्यु म चाहन्नँ, बरू दुष्ट मानिसले आफ्नो चाल त्यागेर जिओस् भन्ने म चाहन्छु । आफ्नो दुष्ट चाल त्याग, ती त्यागिहाल । ए *मानिसहरू* हो, तिमीहरू किन मर्छौ ?" (इजकिएल ३३:११)

"परमेश्वरले अज्ञानताका समयहरूलाई वास्ता गर्नुभएन, तर अब सबै ठाउँका सबै मानिसहरूलाई पश्चात्ताप गर्नू भन्ने आज्ञा गर्नुहुन्छ ।" (प्रेरित १७:३०)

"त्यो मानिस धन्यको हो जसको अपराध क्षमा भएको छ, र जसको पाप ढाकिएको छ । त्यो मानिस धन्यको हो जसको अधर्मको लेखा परमप्रभुले राख्नुहुन्न, र जसको आत्मामा छल छँदैछैन ।" (भजन ३२:१, २)


"पश्चिमदेखि पूर्व जति टाढा छ, उहाँले हाम्रा अपराधहरू हामीदेखि त्यति नै टाढा हटाइदिनुभएको छ ।" (भजन १०३:१२)

के तपाईं परमप्रभुले दिनुहुने मोक्षको उपहारलाई ग्रहण गर्न र स्वर्ग जाने निश्चयता लिन चाहनुहुन्छ ? त्यसो भए आफ्ना पापको पश्चात्ताप गर्नुहोस् र प्रभु येशू ख्रीष्टको अनन्त, सिद्ध तथा पूर्ण बलिदानमाथि विश्वास गर्नुहोस् । आदरणीय मित्र, यो सांसारिक जीवन छोटो र अनिश्चित छ, तर मानिसको निम्ति मृत्यु निश्चित छ तैपनि मृत्युको समय भने अनिश्चित छ । त्यसैकारण हामी तपाईंलाई बिन्ती गर्दछौं कि बेलामै अर्थात् तपाईंले निर्णय गर्न सक्नुहुने क्षणमा नै अर्थात् नमर्दै, अझ भन्ने हो भने आज राती सुत्नुभन्दा अगावै "**ममा पाप छैन**" भन्ने निश्चयता लिनुहोस्, किनकि मानिसको निम्ति भोलिको दिनको निश्चयता छैन । संसारमा हरेक सेकेण्डमा दुईजनाको मृत्यु हुन्छ । त्यो सेकेण्ड जुनसुकै बेलामा हाम्रो हुन सक्दछ । त्यसैले निश्चय गर्नुहोस्: **के तपाईं मरेपछि स्वर्ग जाने कुरामा शत प्रतिशत निश्चित हुनुहुन्छ ?** यो निर्णय मानिसको जीवनको सबैभन्दा महत्वपूर्ण निर्णय हो जसले तपाईंको एक अर्ब वर्षपछिको भविष्यमा समेत प्रभाव पार्दछ । स्वर्ग कि नरक तपाईंकै हातमा छ । अनि मृत्युपछि कता जानेछु भनी तपाईं अहिले नै जान्न सक्नुहुन्छ किनकि तपाईंले प्रमाणहरू पाउन सक्नुहुन्छ । स्वर्ग जानदेखि रोक्ने एकमात्र कुरा पाप हो, तर पापबाट मुक्त पारिएपछि तपाईंलाई स्वर्ग प्रवेश गर्नदेखि कुनै पनि व्यक्ति वा कुराले रोक्न सक्दैन । तर निर्णय भने तपाईंले नै गर्नुपर्दछ, आखिर त्यो एकतर्फी अनन्त यात्रा तपाईंले एक्लै गर्नुपर्दछ । के तपाईं मृत्यु भोग्न तयार हुनुहुन्छ ? पापमुक्त भएपछि त मृत्यु पनि शत्रु होइन मित्र बन्न पुग्छ । सृष्टिकर्त्ताको मुक्तिदानलाई ग्रहण गर्नेहरूको निम्ति मृत्यु त स्वर्ग जाने ढोका खोलिदिने ढोके पो बन्दछ ! स्वर्गमा तपाईंलाई स्वागत् छ । जीवन तपाईंको हो, निर्णय तपाईंकै हुनुपर्दछ ।

**"धन्य हुन् आत्मामा गरिब हुनेहरू, किनकि स्वर्गको राज्य तिनीहरूकै हो ।" (मत्ती ५:३)**

"येशू ख्रीष्टको शरीरको एकैचोटिको बलिदानद्वारा हामी पवित्र पारिएका छौं ।....यी व्यक्ति त पापहरूका निम्ति एउटै बलिदान सदाका निम्ति चढाएर परमेश्वरको दाहिने हाततर्फ बस्नुभयो,....किनकि एउटै बलिदानद्वारा उहाँले पवित्र पारिएकाहरूलाई सदाका निम्ति सिद्ध पार्नुभएको छ ।....किनकि उहाँले पहिला यसो भन्नुभयो, 'जुन वाचा म ती दिनहरूपछि तिनीहरूसित बाँध्नेछु, त्यो यही हो, प्रभु भन्नुहुन्छ – म मेरा व्यवस्थाहरू तिनीहरूका हृदयहरूभित्र हालिदिनेछु,' त्यसपछि फेरि भन्नुभयो, 'तिनीहरूका पापहरू र तिनीहरूका अपराधहरू म कहिल्यै सम्झना गर्नेछैनँ ।' अब जहाँ यी कुराहरूको पाप-क्षमा हुन्छ, त्यहाँ पापको निम्ति कुनै बलिदान बाँकी रहँदैन ।"

(हिब्रू १०:१०, १२, १४-१८)




'तिमीहरू जान्दछौ - तिमीहरूका पितापुर्खाहरूदेखि
चलिआएको तिमीहरूको व्यर्थको चालचलनबाट
तिमीहरूले चाँदी र सुनजस्ता नाश हुने चीजहरूद्वारा
छुटकारा पाएका होइनौ, तर निर्दोष र निष्कलङ्क
थुमाको रगत अर्थात् ख्रीष्टको बहुमूल्य
रगतद्वारा छुटकारा पाएका हौ।'
(१ पत्रुस १:१८-१९)